SuryaJyoti
जीवनको लागि

# घर/जग्गा खरिदको लागि सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१।११।२१**

यस कम्पनीको कार्यालय तथा व्यवसायिक प्रयोजनको लागि तपसिलमा उल्लेखित क्षेत्रहरुमा जग्गा वा घरजग्गा खरिद गर्नुपर्ने भएकोले निम्न उल्लेखित शर्तहरुको अधिनमा रही आवश्यक कागजातहरु संलग्न गरी सूचना प्रकाशित मितिले ३० दिन भित्र सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन उल्लेखित क्षेत्रका घर/जग्गा विक्री गर्न इच्छुक घरजग्गा धनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**घर/जग्गा खरिदको लागि प्रस्तावित स्थान तथा क्षेत्रहरुः**

| जिल्ला/न.पा | जग्गाको क्षेत्रफल | प्रस्तावित स्थान |
|---|---|---|
| काठमाडौं तथा ललितपुर | न्यूनतम २४ आना। | उत्तरढोका, नागपोखरी, कमलपोखरी, नक्साल, गैह्रिधारा, हात्तिसार, टंगाल, भाटभटेनी, बालुवाटार, गहनापोखरी, ज्ञानेश्वर, गैह्रिगाउँ, तिनकुने, नयाँ बानेश्वर, थापाथली, बल्खु, कुपण्डोल, सानेपा, पुल्चोक, जावलाखेल, कुमारीपाटी, मानभवन वा उक्त स्थान आसपासका क्षेत्रहरू। |

१. बिक्रि गरिने घर/जग्गाको विस्तृत विवरण (जिल्ला, म.न.पा., वडा नं., स्थान, कित्ता नं. जग्गाको क्षेत्रफल, घर निर्माण भएको भएमा निर्मित घरको क्षेत्रफल, घर निर्माण शुरु भएको र सम्पन्न भएको मिति इत्यादि) उल्लेख गरी सो जग्गा संग सम्बन्धीत कागजातहरू (लालपुर्जा, जग्गाधनीको नागरिकता, चालु आ.व. को मालपोत तथा सम्पत्ति कर तिरेको रसिद, ब्लुप्रिन्ट नक्शा, घर निर्माण स्वीकृती पत्र, घरको स्वीकृत नक्शा, निर्माण सम्पन्न प्रमाणपत्र इत्यादी) को प्रतिलिपी संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

२. बिक्रि गरिने घर/जग्गाको स्वामित्व संस्थाको नाममा रहेको भएमा घर/जग्गा विक्री गर्ने तथा मुल्य प्रस्ताव गर्ने सम्बन्धमा संचालक समितिको निर्णय, अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, स्थायि लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

३. जग्गाको प्रति आना मुल्य, घर निर्माण भएको भएमा घरको मुल्य र घर/जग्गाको कुल विक्री मुल्य समेत अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेख गरेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

४. जग्गाको चार किल्ला छुट्टीने गरि बाउण्ड्री निर्धारण गरिएको, साँध सिमाना स्पष्ट भएको र संधियारहरूसंग कुनै विवाद नभएको हुनु पर्नेछ।

५. जग्गाको नक्शा तथा फिल्डमा कम्तीमा ६ मिटरको पक्की सडकको पहुँच भएको हुनुपर्नेछ। साथै घर/जग्गामा मोहीको हक हिस्सा नभएको, कानूनी विवाद नभएको, गुठी स्वामित्व नभएको, रैकर तथा नीजि हकभोगमा रहेको, खोलानाला खहरे, हाईटेन्सन लाइन, सडक विभाग तथा नगरपालिकाको मापदण्ड अनुरूप सडक विस्तार, एयरपोर्ट, मठ मन्दिर मस्जिद गुम्बा तथा अन्य सार्वजनिक निकायले भविष्यमा अधिग्रहण गर्न सक्ने सम्भावना नभएका जग्गा हुनु पर्नेछ।

६. कम्पनीको लागि उपयुक्त घर भएको जग्गा र संस्थागत घर/जग्गाधनीको प्रस्तावलाई खरिदमा प्राथमिकता दिन सकिनेछ।

७. बोलपत्र प्रस्ताव फारम यस कम्पनीको केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाण्डौमा कार्यालय समयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ।

८. घर/जग्गा विक्रीको प्रस्तावको साथ आवश्यक कागजातहरू संलग्न गरी खामको बाहिरी भागमा **"सूर्यज्योति लाइफ इन्स्योरेन्स कं. लि. को लागि घर/जग्गा विक्री सम्बन्धी सिलबन्दी बोलपत्र प्रस्ताव"** लेखी सिलबन्दी गरी तोकिएको म्याद भित्र काठमाण्डौ र ललितपुर जिल्लाका घर/जग्गाधनीहरूले केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाण्डौमा कार्यालय समयमा पेश गर्नु पर्नेछ।

९. तोकिएको म्याद भित्र दर्ता भएका बोलपत्र प्रस्तावहरू मिति २०८१।१२।२२ गते बिहान ११ः३० बजे सिलबन्दी प्रस्ताव दर्ता भएको कार्यालयमा नै खोलिने छ। प्रस्ताव पेश गर्ने सम्बन्धित संस्था वा व्यक्तिको प्रतिनिधि उपस्थित नभएता पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन।

१०. कुनै पनि सिलबन्दी बोलपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा सबै प्रस्तावहरू रद्ध गर्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ र सो सम्बन्धमा कम्पनीको निर्णय नै अन्तिम हुनेछ।


**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाडौं**

**इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com**

**सम्पर्क फोन नं.: ०१-४५४५९४१/४२ (काठमाडौं), ०२१-५१४६५५ (विराटनगर)**